जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १५१ २०८२ साल पुस ३० गते बुधबार (14 Jan 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सावधान ! चुरोटभन्दा... ३ पृष्ठमा : नेपालमा एक वर्षमा प्रेस ... ३ पृष्ठमा स्रन् २०२६ मा खाद्य असुरक्षाको...

# निर्वाचनका लागि देशमा माहौल बनिसकेको छ : गृहमन्त्री अर्याल



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

गृहमन्त्री ओमप्रकाश अर्यालले फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनका लागि देशमा माहौल बनिसकेको बताएका छन् ।

सप्तरीस्थित छिन्नमस्ता मन्दिर दर्शनका लागि मंगलबार राजविराज आएका उनले सबै राजनीतिक दल, निर्वाचन आयोग र जेनजी पुस्ता लगायत सबै सरोकारबालाहरु सँगको सहकार्यमा निर्वाचन सम्पन्न गराउन सरकार काम गरिरहेको जानकारी दिए ।

उनले सबै सरोकारबाला तथा राजनीतिक दलले निर्वाचन गतिविधिमा होमिसकेकाले देशमा निर्वाचनको माहौल बनिसकेको जिकिर गर्दै सरकार र निर्वाचन आयोगले निर्वाचन सम्बन्धि धेरै तयारी गरिसकेको र प्रक्रिया धेरै अगाडी बढिसकेको हुँदा फागुन २१ मा निर्वाचन हुने धारणा राखे ।

जिल्ला प्रशासन कार्यालय सप्तरी परिसरमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलसँग जिल्लाको सुरक्षासहित समग्र अवस्थाबारे जानकारी लिएपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले एकै चरणमा निर्वाचन सम्पन्न हुने जानकारी समेत दिए ।

छिन्नमस्ता मन्दिरको दर्शन एवं पुजा पश्चात् उनले त्यहाँका जनप्रतिनिधिहरुसंग भेटघाट गरेका थिए । गृहमन्त्री अर्यालसँगै गृह सचिव राज कुमार श्रेष्ठ, नेपाल प्रहरीका प्रमुख प्रहरी महानिरिक्षक दानबहादुर.कार्की सहितको टोली छिन्नमस्ता मन्दिर दर्शनका लागि पुगेका थिए ।

# डा. सन्तोष नेपाली जनता पार्टीमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

नेपाली जनता पार्टीले सप्तरी क्षेत्र नं. को अध्यक्षमा डा. सन्तोष कुमार चमनलाई जिम्मेवारी दिएको छ ।

डा. चमनले जनमत पार्टी परित्याग गरि नेपाली जनता पार्टीमा प्रवेश गरेसँगै उनलाई क्षेत्रिय अध्यक्षको जिम्मेवारी दिइएको हो ।

सो पार्टीका जिल्ला अध्यक्ष दिपेन्द्र प्रसाद यादवले डा. चमनलाई पार्टी प्रवेश गराउँदै क्षेत्रिय अध्यक्षमा मनोनयन गरेका हुन् ।

आगामी प्रतिनिधिसभा निर्वाचनमा डा. चमनलाई नेपाली जनता पार्टीले क्षेत्र नं. ३ बाटै उम्मेदवार समेत बनाउने तयारी गरेको छ ।

# सुरुङ्गाबाट लागुऔषध सहित दुई पक्राउ






**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

सप्तरी प्रहरीले सुरुङ्गा नगरपालिका ४ बाट प्रतिबन्धित लागुऔषध सहित दुईजना युवकलाई पक्राउ गरेको छ ।

पक्राउपर्नेहरुमा सुरुङ्गा नगरपालिका वडा नं. ७ का २२ बर्षीय पारसमणी चौधरी र २० बर्षीय विनम चौधरी थारु रहेका छन् ।

उनीहरुलाई सोमबार साँझ सुरुङ्गा नगरपालिकाको कदमाहा सडक खण्डबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

स.४प. ७७२३ नम्बरको मोटरसाईकल चढेर आउँदै गर्दा गस्तीमा रहेका इलाका प्रहरी

***बाँकी तीन पृष्ठमा***

# डाक्नेश्वरीका स्वास्थ्यकर्मीहरुले अल्टिमेटमसहित बुझाए ज्ञापनपत्र



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाका स्वास्थ्यकर्मीहरुले विभिन्न माग राख्दै अल्टिमेटम सहित मंगलबार प्रमुख स्वास्थ्य प्रशासकीय अधिकृतलाई ज्ञापनपत्र बुझाएका छन् ।

स्वास्थ्य चौकीहरुमा औषधीको अभाव, कर्मचारीहरुको स्तरवृद्धि कार्यमा मनोमानी तथा केही दिन अघि गरिएको सामुहिक सरुवा लगायतका विषयमा असंतुष्टि प्रकट गर्दै प्रमुख प्रशासकीय अधिकृत विजय मंडललाई ज्ञापनपत्र बुझाएका हुन् ।

सबै १० वटै स्वास्थ्यचौकीका प्रमुख र स्वास्थ्यकर्मीहरुले संयुक्त रुपमा पालिका प्रमुखलाई दुई दिनको अल्टिमेटम सहित विभिन्न माग राखी ज्ञापनपत्र बुझाए ।

प्रमुख प्रशासकीय अधिकृत मंडललाई सबै १० वटै स्वास्थ्य चौकीका प्रमुखहरुको हस्ताक्षर सहित बुझाइएको ज्ञापनपत्रमा आफुहरुले उठाएका माग दुई दिन भित्र सम्बोधन गर्न अल्टिमेटम दिइएको छ ।

समयभित्र माग सम्बोधन नगरिए तेश्रोदिन देखि आन्दोलनका सशक्त कार्यक्रम घोषणा गरी अघि बढ्ने उनीहरुले चेतावनी दिएका छन् ।

स्वास्थ्य चौकीका प्रमुख र स्वास्थ्यकर्मीहरुद्वारा बुझाइएको ज्ञापनपत्रमा चुनावको मुखमा दुःख दिने मनसायले पुस २१ गते एकैपटक सबै स्वास्थ्यचौकीका प्रमुखहरुको गरिएको सरुवा बदर गरिनुपर्ने, स्वास्थ्य चौकीहरुमा आवश्यक औषधीहरु तत्काल उपलब्ध गराउनुपर्ने तथा कर्मचारीको स्तरवृद्धि र मुल्यांकनमा गरिएको विभेद सच्याउनुपर्ने प्रमुख माग गरिएको हो ।

स्वास्थ्यकर्मीहरुले स्वास्थ्य चौकीहरुमा औषधीको चरम अभावका हुँदा सेवाग्राहीबाट अपमान र मानसिक तनाव खेप्नु परेको, स्वास्थ्य चौकी बन्द गर्ने अवस्था आएको तथा एकै पटक सबै स्वास्थ्य चौकीका प्रमुख र स्वास्थ्यकर्मीको सरुवा गरेर मनोवल गिराउने र दुःख दिने काम भएको भन्दै माघ २ गते देखि आन्दोलन चर्काउने समेत जनाएका छन् ।

ज्ञापनपत्र बुझ्दै प्रमुख प्रशासकीय अधिकृत मंडलले कानुन र विधि प्रक्रिया पुरा गरी सरुवा गरिएको दावी गरेका छन् ।

**निर्वाचनमा सहभागी बनौं।**

- आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।
- निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने।
- मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने।
- लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अधुरो कामलाई सम्पन्न गराउनेतर्फ ध्यान पुगोस्

लामो समयदेखी जिल्लामा अधुरो रहेका विभिन्न विकासीय कामहरुलाई सम्पन्न गराउनेतर्फ सम्बन्धीत निकायको ध्यान पुग्नु आवश्यक छ । अब ती विकासका कार्यलाई ढिलो नगरिकन सम्पन्न गराउन सम्बन्धित निकायले ध्यान दिनुपर्छ । विगत पाँच वर्षदेखी जिल्लामा विभिन्न विकासीय कार्यहरु निकै सुस्त गति भइरहेको छ । यसमा सबैभन्दा अग्रपंक्तिमा रहेको छ सडकहरु र नालाहरु ।

राजविराज नगरपालिका स्थापना भएदेखी नै नबनेका सडकहरु अहिले निर्माण भइरहेको छ । तर, ती कार्यहरु पनि अहिले लामो समयदेखी अधुरै रहेको छ । विगतका वर्षहरुमा ती कार्यले प्राथमिकता नपाएपनि अहिले प्राथमिकताका साथ निर्माण हुनु सकारात्मक पक्ष हो । जुनसुकै बहानामा विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक नै मान्नु पर्दछ । विकास चाहे त्यो स्थानिय, प्रदेश वा संघीय बजेटबाटै किन नहोस् जुनसुकै उद्देश्यले विकास भइरहेको छ भने त्यसलाई सकारात्मक रुपमा सबैले लिनुपर्छ ।

तसर्थ त्यस्ता अधुरो अपुरो कार्यलाई कुनै पनि बहानामा अवरोध नगरिकन सबै पक्षले सम्पन्न गराउनेतर्फ अग्रसरता देखाउनु जरुरी छ । यसका लागि सकारात्मक सोचका साथ अघि बढ्नु पनि उत्तिकै आवश्यक छ ।


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# सावधान ! चुरोटभन्दा हानिकारक हुक्का

**शरद् शर्मा**

काठमाडौं, २९ पुस (रासस) ।

तपाईं कतै हुक्काको नियमित सेवन त गरिरहनुभएको छैन वा हुक्का सुर्तीजन्य पदार्थबाट बनेको होइन, पानीको वाफको धुवाँ भनेर त तपाईंले खाइरहनुभएको त छैन । यदि त्यो हो भने तपाईंले पानीको वाफ भनेर सेवन गर्ने हुक्का चुरोटभन्दा हानिकारक हुन्छ । र सुर्तीजन्य पदार्थलाई पानी हुँदै धुवाँ बनाएर तानिने हुक्काले भविष्यमा क्यान्सरजस्तो घातक रोगको सुरुआती चरण बन्न सक्दछ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्रका स्वास्थ्य प्रवर्द्धन तथा सुर्तीजन्य पदार्थ नियमन शाखा प्रमुख उपेन्द्र ढुङ्गानाले युवामाझ हुक्का खाने प्रचलन बढ्दै गएको बताउनुभयो । उहाँले सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन, २०६८ सार्वजनिक ठाउँमा हुक्का खानलाई प्रतिबन्ध गरे पनि रेष्टुरेन्ट, चियापसलमा अहिले सेवनकर्ता बढिरहेको बताउनुभयो । उहाँले नियमन गरी कानुनी कारबाही गर्नका लागि आफूहरू लागिपरेको समेत बताउनुभयो ।

**हुक्का के हो ?**

हुक्का पाइपको माध्यमबाट सुर्तीलाई बलिरहेको कोइलाले तातो बनाई धुवाँ निकालेर सेवन गरिन्छ । हुक्कामा सुर्तीको पातको धुलो प्रयोग गरिन्छ र यो विभिन्न स्वाद वा सुगन्धमा पाइन्छ । त्यो सुगन्धले हुक्का मानिसलाई खाउँखाउँ गराउँछ । हुक्का खाँदा मानिसलाई स्याउ, पुदिना, चकलेट, नरिवल, खरबुजा सुगन्ध आउने गर्दछ ।

नेपालमा हुक्काजन्य सामग्रीको प्रयोग निरन्तर बढिरहेको छ । विशेषगरी १५ देखि ३० वर्षका युवामा हुक्काको प्रयोग बढी देखिन्छ । "हुक्का सेवन गर्दा धुवाँ हामीले लिन्छौं । सुर्तीजन्य पदार्थ बनेको धुवाँ पानीबाट फिल्टर भएर आइरहेको छ भन्ने हामीले सोचेको हुन्छौं तर त्यो गलत हो । पानी भएर धुवाँ आउदा रसायन पनि पानीमा धुलिन्छ," सुर्तीजन्य पदार्थ नियमन शाखा प्रमुख ढुङ्गाना भन्नुहुन्छ "हुक्कामा धुवाँको तापक्रम घटाउनका लागि पानी प्रयोग गरिन्छ । पानीमा मिसिएपछि धुवाँ झन् खतरनाक हुन्छ । सेवन गर्दा धुवाँ पानीको वाफमात्र हो भन्नु गलत हो ।"

**फ्लेवरले खाउँखाउँ गराउने**

हुक्कामा विभिन्न फ्लेवरका कोइला, ब्रिकेट राखिएका हुन्छ । ती फ्लेवरले नै मानिसलाई हुक्का खाउँखाउँ बनाउने गर्दछ । सुरुसुरुमा हुक्काको बास्ना मन पर्दैन । हुक्कामा राखिएका फ्लेवरले नमीठो बास्नालाई मीठो बनाउँछ । त्यसपछि मान्छेलाई हुक्का मन पर्न थाल्दछ । हुक्कामा स्याउ, स्ट्रबेरी, बबलगमजस्ता फ्लेवर रहेको हुन्छ । फ्लेवरको कारण धुवाँ खाँदा बास्ना मीठो हुन्छ । निकोटिनले तल बनाउने र फ्लेवरले धुवाँलाई मीठो बनाउने भएपछि अहिलेका युवामा होटल, रेष्टुरेन्ट, क्याफे र चियापसलमा हुक्का खाने प्रचलन बढ्दै गएको छ । निकोटिनले सिधैं क्यान्सर नबनाउने तर मुटुसँग सम्बन्धित रोग बनाउने गर्दछ ।

फ्लेवरमा विभिन्न रयायन रहेको हुन्छ । ती रसायनले मानिसलाई क्यान्सरजस्ता प्राणघातक रोग निम्त्याउन सक्ने चिकित्सकहरू बताउँछन् । ह्याम्स अस्पतालकी वरिष्ठ फोक्सो रोग तथा क्रिटिकल केयर विशेषज्ञ डा रक्षा पाण्डेले हुक्का धेरै मानिसले हानिकारक होइन भनेर सेवन गरिरहेको बताउनुहुन्छ । "हुक्कामा भएको खराब पदार्थ पानीमा नै बस्छ भन्ने सोचाइ छ तर हुक्का तान्दा पानी तान्ने होइन, क्यान्सर गराउने पदार्थ पानीको फोकामा हुन्छ । त्यही तान्ने हो । पानीमा पदार्थ बस्छ भन्ने सोचाइ गलत छ", उहाँले भन्नुभयो, "त्यही गलत सोचाइ हुक्काले केही गर्दैन भनेर मानिसले हुक्का सेवन गरिरहेका हुन्छन् ।"

संसारभरि चुरोट खाने मानिस घटिरहेका छन् तर चुरोटको सट्टा हुक्का भेपको सेवन बढिरहेको छ । वरिष्ठ फोक्सो रोग विशेषज्ञ डा पाण्डेले हुक्का पाइपबाट तान्दा कोइला ब्रिकेटमा भएको क्यान्सर गराउने (कार्सिनोजेनिक क्यान्सर गराउने तत्व) शरीरमा प्रवेश गर्ने बताउनुहुन्छ ।

"हुक्का तान्दा मुखमा धेरै धुवाँको वाफ जान्छ । त्यो मुखमा चुरोटभन्दा धेरै बढी धुवाँको बाफ हुन्छ", उहाँ भन्नुहुन्छ, "हुक्का भएको धुवाँको वाफको मात्रा मुखमा जाने भएकाले निकोटिनसँगै क्यान्सर बनाउने कार्सिनोजेनिक र आर्सेनिकजस्ता रसायन हाम्रो शरीरमा जाने गर्दछ । ती रसायनले पछि हुक्का सेवनकर्तालाई मुख, फोक्सो, खानाखाने नलीको क्यान्सर बनाउँछ ।"

**एउटा हुक्का बराबर सय चुरोट**

हुक्का सेवनकर्ताले एउटा पटकमा हुक्का सेवन गर्दा ३० देखि ४५ मिनेट निरन्तर धुवाँ तानिरहेका हुन्छ । अध्ययनअनुसार हुक्का ४५ मिनेटसम्म नियमित तान्ने हो भने त्यो सय चुरोटबराबरको हुने वरिष्ठ फोक्सो रोग विशेषज्ञ डा पाण्डे बताउनुहुन्छ । "एक सर्को चुरोट र एक सर्को हुक्कामध्ये हुक्कामा धुवाँको मात्रा बढी हुन्छ । मान्छेले गफ गर्दै हुक्का तानिरहेको हुन्छ । उसले कस्तीमा ३० देखि ४५ मिनेट लगाएर हुक्का खान्छ । यसरी हुक्का खाँदा सयवटा चुरोटबराबर सेवन गर्दछ", उहाँले भन्नुभयो ।

**क्यान्सर गराउने उच्च सम्भावना**

हुक्काको सेवा गर्दा कोइलाबाट निस्कने धुवाँमा हानिकारक क्यान्सर बनाउने तत्व, धातु तथा कार्बोन मोनोअक्साइड हुन्छन् । अमेरिकी लग्स एसोसिएसनले पनि हुक्काले क्यान्सर रोग बनाउने पुष्टि गरेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार हुक्कामा कार्सिजेनिक, हाइड्रोअक्साइड, नाइट्रोजन, नाइट्रिक एसिड, निकोटिन, फिनोलस र फिनोल डेरिभेटिभसजस्ता हानिकारक रसायन हुन्छ ।

फोक्सो रोग विशेषज्ञ डा पाण्डेले हुक्कामा प्रयोग गरिने कोइला र ब्रिकेटमा कार्बनमोनोक्साइड हुने बताउनुहुन्छ । "चुरोटभन्दा हुक्कामा चार प्रतिशत बढी कार्बनमोनोक्साइड हुने गर्दछ", उहाँले भन्नुभयो, "कार्बनमोनोक्साइडले हुक्का तान्दा हाम्रो मुटुको चाल बढाउँछ । यसले गर्दा उच्च रक्तचाप, कोलेस्ट्रोल बढ्ने र फोक्सो, मुटु, खाना खाने नलीको क्यान्सर बढी देखिने गरेको छ ।"

डा पाण्डेका अनुसार अध्ययनले १३ वर्षमाथिका ५० प्रतिशतले आफ्नो जीवनकालमा एकपटक हुक्का तानेको देखिएको छ तर तीमध्ये १० प्रतिशतमात्र धुमपान गर्ने रहेको र बाँकीले हुक्का हानिकारक छैन भनेर खाने गरेको उहाँ बताउनुहुन्छ । उहाँले आफूकहाँ आउने बिरामीले पनि चुरोट नखाने गरेको तर हुक्का भने कहिलेकाहीँ खाने गरेको बताएको जानकारी दिनुभयो । हुक्का खाँदा धुवाँ फोक्सोमा जान्छ र फोक्सोबाट मुटु, मस्तिष्क हुँदै मानिसको शरीरको सबै भागमा पुग्ने गर्दछ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्यान्सर रोग विशेषज्ञ डा अरुण शाही पनि हुक्काको धुवाँमा पनि सिगरेटजस्तै (र कतिपय अवस्थामा अझ बढी) कार्सिनोजेनिक रसायन, कार्बन मोनोअक्साइड, टार र सुक्ष्म कण हुने गरेको बताउनुहुन्छ । उहाँका अनुसार हुक्का तान्दा ती कणलाई पानीले छानेजस्तो देखिए पनि ती विषालु पदार्थ फोक्सोसम्म सजिलै पुग्ने र पछि क्यान्सर निम्त्याउँछ । पछिल्लो समय क्याफे-लाउञ्ज, रेष्टुरेन्टमा भेला भएका युवामाझ 'स्टाइलिस' र 'कम हानिकारक' भन्ने गलत धारणाका कारण यसको सेवन बढेको बताउनुहुन्छ । हुक्का सेवनले फोक्सोको क्यान्सर, मुख र घाँटीको क्यान्सर, फोक्सोको क्षमता घट्ने र हृदय रोगको जोखिम बढाउने हुन्छ ।

हुक्का सेवन गर्दा सधैँ एउटै पाइप/नली प्रयोग गर्दा क्षयरोग, हेपाटाइटिस, फ्लुजस्ता रोग सर्नसक्ने सम्भावनासमेत हुने गर्दछ । उहाँ हुक्का सुगन्धित र सामाजिक देखिए पनि सुरक्षित नभएको भन्दै यसले गम्भीर स्वास्थ्य जोखिम गराउने बताउनुहुन्छ ।

**हुक्कापछि चुरोटमा लत**

हुक्का सधैँ खान नपाएपछि सेवनकर्ता चुरोट सेवनतर्फ आकर्षित हुन्छन् । "हुक्का महँगो पर्दछ र सधैँ पायक पर्ने ठाउँमा पाईदैन", क्यान्सर रोग विशेषज्ञ डा शाहीले भन्नुभयो, "त्यसपछि हुक्का सेवन गर्ने मानिस चुरोट सेवन गर्न थाल्दछन् ।"

हुक्काको सेवन गर्ने व्यक्तिसँगै सेवन नगर्ने तर नजिक बस्ने अन्य व्यक्तिलाई समेत असर गर्दछ । गर्भवती हुँदा महिलाले हुक्का सेवन गरेमा शिशु जन्मँदा कम तौलको जन्मने र त्यस्ता शिशुमा श्वासप्रश्वाससम्बन्धी समस्या, समयअगावै जन्मने र शिशुको स्वास्थ्यमा दीर्घकालीन असर पर्ने गर्दछ ।


नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**

**राजविराज**

मिति: २०८२/०९/२८

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

रैती नं. ७ बिलट महरानको नाममा दर्ता रहेको साविक प्रगन्ना पकरिया मौजे रौतहटको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाऊँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. रौतहट वडा नं. ५ हाल परिवर्तित बलान बिहुल गा.पा. वडा नं. ६ वस्ने दुखी महरान-१ बिजली महरान-१ समेत- २ जनाको यस कार्यालयमा द.नं. २३८४ मिति २०८२/०५/२३ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०९/२८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ३१० | रौतहट | ६ | ५६ | ०-६-११.५ | बिलट महरान | फिल्डबुक को जग्गाधनी महल किसान महल र कैफियत महल खालि रहेको । |

.................

श्री किशोर कुमार राम

कार्यालय प्रमुख

# नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रता हननका १ सय २१ घटना

काठमाडौं, २९ पुस (रासस)।

नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रता हननका १२१ घटना घटेको पाइएको छ।

प्रेस काउन्सिल नेपालले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै काउन्सिलमा दर्ता भएका निवेदन र नियमित अनुगमनका आधारमा प्रेस स्वतन्त्रता हननसम्बन्धी घटनाहरूको अभिलेखन गर्ने क्रममा सन् २०२५ जनवरी १ देखि सन् २०२५ डिसेम्बर ३१ सम्ममा उक्त सङ्ख्यामा प्रेस स्वतन्त्रता हननका घटना घटेको जनाएको हो।

सबैभन्दा बढी धम्की दुर्व्यवहारका ५० घटना अभिलेख भएका छन्। यसैगरी आक्रमण कुटपिटका ३७, पेसागत असुरक्षाका १५, कब्जा/अवरोधका नौ, पक्राउ प्रयासका पाँच, शङ्कास्पद मृत्युका दुई, नीतिगत बन्देजका दुई र लैङ्गिक हिंसाका एक घटना अभिलेख भएका छन्।

प्रदेशअनुसार अनुगमन गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा ६२, मधेस प्रदेशमा २७, सदरपश्चिममा आठ, कोशीमा सात, लुम्बिनी र गण्डकीमा ६/६ र कर्णालीमा पाँच घटना घटेका छन्।

लैङ्गिक आधारमा एक वर्षभरिमा १९० पुरुष र १० महिला गरी २०० जना पत्रकार/सञ्चारमाध्यमलाई प्रेस स्वतन्त्रता प्रयोग गर्न अवरोध गरिएको देखिएको काउन्सिलले जनाएको छ। यस अवधिमा प्रेस स्वतन्त्रता दुरूपयोगका १० वटा घटना घटेका छन्। यसमा बागमती प्रदेशमा पाँच, मधेस प्रदेशमा चार र कर्णालीमा एक घटना घटेको विज्ञप्तिमा उल्लेख छ।

# सेयर दिनुपर्ने माग गर्दै मकरीगाड हाइड्रोपावरविरुद्ध स्थानीय आन्दोलित

दार्चुला, २९ पुस (रासस)।

अपिहिमाल गाउँपालिका-३, ४ र ५ मा निर्माण सम्पन्न भएको १० मेगावाट क्षमताको मकरीगाड हाइड्रोपावर कम्पनी लिमिटेडविरुद्ध स्थानीय बासिन्दा आन्दोलनमा उत्रिएका छन्। आयोजना प्रभावित क्षेत्रका नागरिकलाई सेयर दिनुपर्ने मागसहित स्थानीय आन्दोलित भएका हुन्।

हाइड्रोपावर कम्पनीले सेयर जारी गर्ने तयारी गरिरहेको अवस्थामा स्थानीयले प्रत्यक्ष लाभ लिन नसक्ने अवस्था सिर्जना भएको आरोप लगाउँदै मकरीगाड सेयर वितरण सङ्घर्ष समिति गठन गरी कम्पनीलाई ज्ञापनपत्र बुझाएका छन्।

सङ्घर्ष समितिका संयोजक देवेन्द्रसिंह रोकायाद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा आर्थिक रूपमा कमजोर तथा गरिब स्थानीय नागरिकलाई निःशुल्क सेयर उपलब्ध गराउनुपर्ने र आयोजना प्रभावित क्षेत्रका नागरिकलाई कम्तीमा ८० प्रतिशत सेयर सुनिश्चित गर्नुपर्ने माग गरिएको छ।

ज्ञापनपत्रमा आयोजनाका कारण प्रभावित सडकमा पक्की पर्खाल र तटबन्ध निर्माण गर्नुपर्ने माग राखिएको छ। यस्तै प्रभावित क्षेत्रमा आवश्यक पूर्वाधार विकास, पानीका मुहान सुक्ने स्थानमा खानेपानी योजना निर्माण तथा विस्थापित पुराना घट्टको सट्टा नयाँ पानी घट्ट निर्माण गर्नुपर्ने मागमा उल्लेख छ। यसअघि मकरीगाडमा परम्परागत घट्ट थिए।

त्यसैगरी, आयोजना प्रभावित क्षेत्रमा विद्यालय भवन निर्माण तथा आधारभूत स्वास्थ्य संस्थामा आवश्यक उपकरण उपलब्ध गराउन कम्पनीसँग माग गरिएको छ। मकरीगाड हाइड्रोपावरलाई बुझाइएको ज्ञापनपत्रमा उल्लेखित माग तीन दिनभित्र सम्बोधन नगरिए हाइड्रोपावर बन्द गर्ने चेतावनी पनि दिइएको छ।

हाइड्रोपावरलाई ज्ञापनपत्र बुझाएको सङ्घर्ष समितिले अपिहिमाल गाउँपालिकासँग पनि सेयर वितरण र आयोजनाका विषयमा आवश्यक समन्वय गर्न आग्रह गर्दै ज्ञापन बुझाएको छ। गाउँपालिका अध्यक्ष भक्तसिंह ठेकरे बोहरालाई ज्ञापन बुझाउँदै स्थानीयले पाउने सेवा-सुविधाका विषयमा प्रभावकारी भूमिका निर्वाह गर्न माग गरिएको छ।


नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**

**राजविराज**

मिति: २०८२/०९/२८

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना |**

रैती नं. ५३ अधिक लाल दासको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे मलेकपुर बसन्तपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाऊँ भनि जिल्ला सप्तरी साविक राजविराज न.पा. वडा नं. ४ हाल परिवर्तित राजविराज न.पा. वडा नं. ३ बस्ने गिता देवी दास-१ जगरनाथ दास-१ विणा देवी दास-१ र राज कुमार दास-१ समेत जना -४ को यस कार्यालयमा द.नं. १७०५३ मिति २०८१/११/२० गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०९/२८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ | तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला | म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ | यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ |

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ६६० | मलेकपुर | १क | २४६ | ०-९-९.५ | अधिक लाल दास | फिल्ड बुकको किसान महलमा पं. मलिकपुर वडा नं. १ बस्ने लिगेश्वर मण्डल रहेको कैफियत महलमा यो जग्गा पंचायत राजविराज बस्ने राम अवतार दासको नम्बरी जग्गा मैले अधियामा जोती खाई रहेको छु भनि उल्लेख रहेको | |
| ६६४ | मलेकपुर | १क | २११ | ०-६-८ | अधिक लाल दास | फिल्ड बुकको किसान महलमा पं. मलिकपुर वडा नं. ४ बस्ने ठकाई मण्डल धानुक रहेको कैफियत महलमा यो जग्गा पंचायत राजविराज बस्ने राम दासको नम्बरी जग्गा मैले अधियामा जोती खाई रहेको छु भनि उल्लेख रहेको | |

..................

श्री किशोर कुमार राम

कार्यालय प्रमुख


### सुरुङ्गाबाट लागुऔषध ...

कार्यालय भेडियाको टोलीले शंका लागी चेकजाँच गर्दा मोटरसाईकलमा पछाडी सवार थारुको साथबाट प्रतिवन्धित लागुऔषध डाइजेपाम १५, फेनारगन १७ तथा ब्रुपेनोरोफिन १८ गरी ५३ एम्पुल लागुऔषध बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

पक्राउ परेका दुवैजनालाई सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## विश्व समाचार

# सन् २०२६ मा खाद्य असुरक्षाको संकट बढ्ने चेतावनी

रोम, २९पुस (रासस/क्यूएनए)।

संयुक्त राष्ट्र सङ्घको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) का कार्यकारी निर्देशक सिन्डी म्याककेनले सन् २०२६ मा विश्वव्यापी भोकमरीको सङ्कट बढ्ने चेतावनी दिँदै ३१ करोड ८० लाखभन्दा बढी मानिस खाद्य असुरक्षाको गम्भीर समस्याको सामना गरिरहेको बताउनु भएको छ।

युएन न्यूज सेन्टरका अनुसार म्याककेनले बढ्दो खाद्य सङ्कटलाई समाधान गर्न "द्रुत, रणनीतिक र निर्णायक कार्य" आवश्यक रहेको उल्लेख गर्दै डब्लुएफपीले मात्र भोकमरी अन्त्य गर्न नसक्ने बताउनु भएको छ। संयुक्त राष्ट्रसंघका अधिकारीले मानव निर्मित अनिकाल अन्त्य गर्न, मानवीय कोष बढाउन र विश्वभर बढ्दो भोकमरीको केन्द्रमा रहेको द्वन्द्वलाई सम्बोधन गर्न तत्काल कदम चाल्न विश्वका नेताहरूलाई आह्वान गरेका छन्। "नयाँ वर्षको सुरुवाती दुई हप्तामै विश्वले खतरनाक र विश्वव्यापी भोक सङ्कटको जोखिमको सामना गरिरहेको उनीहरुले बताएका छन्।

"डब्लुएफपीको संकल्प अडिग रहेको उल्लेख गर्दै म्याककेनले आफ्नो अस्तित्वका लागि डब्लुएफपी माथी निर्भर रहनेहरूसम्म पुग्न आवश्यक समर्थन र स्रोत जुटाउन हर सम्भव प्रयास गर्ने बताउनु भएको छ।

# इरानमा आंशिक छुट, मृतक संख्या ६४६ पुग्यो

तेहरान, २९ पुस (रासस/एपी)।

इरानले आफ्ना नागरिकमाथि लगाइएका केही प्रतिबन्धहरू मङ्गलबार आंशिक रूपमा खुकुलो पारेको छ। देशभर फैलिएको रक्तपातपूर्ण विरोध प्रदर्शनपछि पहिलोपटक इरानी नागरिकलाई मोबाइल फोनमार्फत विदेशमा फोन कल गर्न अनुमति दिइएको हो। तर इन्टरनेटमा लगाइएका प्रतिबन्ध भने यथावत् राखिएका छन् र एसएमएस टेक्स्ट सन्देश सेवा अझै पुनः सञ्चालन गरिएको छैन। पछिल्ला दिनहरूमा राज्यविरुद्धको प्रदर्शनका क्रममा कम्तीमा ६४६ जनाको मृत्यु भइसकेको बताइएको छ।

इरानीहरूले विदेशमा फोन गर्न सके पनि विदेशबाट इरानभित्र कल गर्न भने सम्भव नभएको राजधानी तेहरानका धेरै नागरिकले एसोसिएटेड प्रेसलाई जानकारी दिएका छन्। प्रतिशोधको डरले नाम नखुलाउने सर्तमा बोलेका साक्षीहरूका अनुसार एसएमएस सेवा अझै बन्द छ र इरानभित्रका इन्टरनेट प्रयोगकर्ताहरूले बाहिरी संसारका वेबसाइट वा सेवामा पहुँच पाएका छैनन्। यद्यपि सरकारद्वारा अनुमोदित केही स्थानीय वेबसाइटहरूमा सीमित पहुँच उपलब्ध रहेको उनीहरूको भनाइ छ।

बिहीबार राति अधिकारीहरूले देशभित्र र बाहिरी संसारसँगको सबै सञ्चार एकाएक बन्द गरेपछि अब थप छुट दिइने हो वा होइन भन्ने विषयमा अझै स्पष्टता आएको छैन।

# किसानको आक्रोश संसद्सम्म

पेरिस, २९ पुस (रासस/एपी)।

फ्रान्सेली किसानहरूले कम आय र दक्षिण अमेरिकासँग हुने युरोपेली सङ्घ (इयु) को व्यापार सम्झौताप्रति कडा आपत्ति जनाउँदै मङ्गलबार करिब ३५० ट्र्याक्टरसहित राजधानी पेरिसको सडक हुँदै संसद् भवनसम्म प्रदर्शन गरेका छन्। किसानहरूका अनुसार उक्त सम्झौताले उनीहरूको जीविकोपार्जन र घरेलु कृषि प्रणालीलाई गम्भीर खतरा पुऱ्याउने डर छ।

प्रहरीले अगाडि-पछाडि सुरक्षा दिएर ट्र्याक्टरहरू चलाइएका कारण च्याम्प्स-एलिसीजसहित पेरिसका ठूला सडकमा सवारी आवागमन ढिलो भयो र भिडको समयमा ट्राफिक जाम भएको थियो। पछि ती ट्र्याक्टरहरू सेन नदी पार गर्दै राष्ट्रिय सभा भवनसम्म पुगेका थिए।

फ्रान्ससहित अन्य युरोपेली मुलुकहरूमा पनि किसानहरूको असन्तोष पछिल्ला महिनाहरूमा तीव्र हुँदै गएको छ। बढ्दो उत्पादन लागत, घट्दो आम्दानी, कडा वातावरणीय नियम र अन्तर्राष्ट्रिय व्यापार सम्झौताका कारण किसानहरू थप दबाबमा परेको उनीहरूको गुनासो छ। मङ्गलबारको प्रदर्शनको नेतृत्व गरिरहेका किसान युनियनहरूले फ्रान्सको खाद्य सुरक्षाको रक्षा गर्न सरकारबाट 'ठोस र तत्काल कदम' चाल्न माग गरेका छन्।

फ्रान्सेली सरकारकी प्रवक्ता मौड ब्रेजनले मङ्गलबार टिएफ-१ टेलिभिजनसँग कुरा गर्दै सरकारले किसानहरूको अवस्थालाई ध्यानमा राख्दै चाँडै नयाँ सहयोगसम्बन्धी घोषणाहरू गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो।

राष्ट्रपति इमानुएल म्याक्रोन र उहाँको सरकारले इयु र दक्षिण अमेरिकी मर्कोसुर समूहबीचको व्यापार सम्झौताको विरोध गर्दै आएको छ। यद्यपि, अधिकांश इयु सदस्य राष्ट्रहरूको समर्थनका कारण उक्त सम्झौता शनिबार पाराग्वेमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ।

युरोपेली किसानहरूले लामो समयदेखि ब्राजिल, अर्जेन्टिना, बोलिभिया, पाराग्वे र उरुग्वेलगायत मर्कोसुर राष्ट्रहरूसँगको व्यापार सम्झौताको आलोचना गर्दै आएका छन्। उनीहरूको भनाइमा यस्तो सम्झौताले युरोपेली बजारमा सस्तो आयातको बाढी ल्याएर स्थानीय किसानहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाउनेछ र कृषि क्षेत्रलाई दीर्घकालीन रूपमा क्षति पुऱ्याउनेछ।

# मैत्रीपूर्ण महिला क्रिकेटको उपाधि काठमाडौंको पोल्टामा




दैनिक समाचारदाता
राजविराज, २९ पुस ।
राजविराजमा आयोजना गरिएको मैत्रीपुर्ण महिला क्रिकेट सिरिजको उपाधी काठमाडौंले हात पारेको छ ।

सप्तरी क्रिकेट संघको आयोजनामा तथा सबल नेपालको समन्वयमा आयोजित मैत्रीपूर्ण महिला क्रिकेट सिरिजको उपाधि काठमाडौंले हात पारेको हो ।

मंगलबार स्थानीय पविमाविको खेल मैदानमा सम्पन्न फाइनल खेलमा टस जितेर पहिले ब्याटिङ गरेको सप्तरी महिला क्रिकेट टिमले ३० ओभरमा ८ विकेट गुमाउँदै १०३ रनको योगफल बनाएको थियो ।

सप्तरीका लागि साक्षी देवले सर्वाधिक १७, आयुष्का थापाले १५ र जेनिषा मगरले ११ रनको योगदान दिइन् ।

एक सय ४ रनको लक्ष्य सहित जवाफी ब्याटिङमा उत्रिएका काठमाण्डौले उत्कृष्ट प्रदर्शन गर्दै १८ ओभरमै कुनै पनि विकेट नगुमाई विजयी लक्ष्य हासिल गरे ।

काठमाडौंको जितमा सविका यादव र प्रथा श्रेष्ठले अविजित ८२ रनको साझेदारी गर्दै टिमलाई विजयी तर्फ उन्नमुख गराएका थिए ।

यादवले अर्धशतकीय पारी खेल्दै ६५ रनको योगदान गरिन भने प्रथा श्रेष्ठले १७ रनको ( अविजित) योगदान गरेकी थिईन् ।

बलिङतर्फ काठमाडौंकी अनुषा रोकाले ४ विकेट लिइन् । यसैगरी यसु पाण्डे, आयुष्मा रावल, सरिष्मा खनाल र एली यादवले समान १-१ विकेट हात पारिन् ।

मैत्रीपूर्ण सिरिजको प्लेयर अफ द सिरिज काठमाडौंकी अनुषा रोका घोषित भइन् । बेस्ट बलर सप्तरीकी सुस्मिता यादव र बेस्ट ब्याटर काठमाण्डौकी सविका यादव घोषित भईन् ।

प्रतियोगिता समाप्तिपछि अयोजित पुरस्कार वितरण समारोहमा सप्तरी क्रिकेट संघका उपाध्यक्ष निरज सिंह, सचिव चन्दनकुमार यादव, सदस्यहरू बिरेन्द्र यादव, संजय कार्की, गजेन्द्र माझी तथा समाजसेवी अभिलासा सिंह लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरेका थिए ।

# चुरे मधेसको छाना : मुख्यमन्त्री यादव

दैनिक समाचारदाता
महोत्तरी, २९ पुस ।
मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले चुरे मधेसको छाना भएको बताएका छन् । मधेसको जीवनको आधार हुँदा चुरेको संरक्षण बेगर मधेसको कल्पना गर्न नसकिने उनको भनाइ छ ।

मुख्यमन्त्री यादवले सोमबार महोत्तरीको बर्दिबासमा सम्पन्न 'चुरे तथा जैविक विविधता संरक्षण एवं उपयोगका लागि नीति निर्माण' विषयक एक दिने कार्यशालालाई सम्बोधन गर्दै भने, "चुरेबिना मधेसको जीवन रहन्न, तसर्थ यसको संरक्षण र समुचित व्यवस्थापन गरिन पर्छ ।"

नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानअन्तर्गतको विशिष्टीकृत अनुसन्धान केन्द्र मधेस प्रदेशले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री यादवले चुरे संरक्षण र व्यवस्थापनमा विज्ञहरूका सुझाव प्रदेश सरकारले कार्यान्वयनमा लाने प्रतिबद्धता जनाए ।

"प्रतिष्ठानका विज्ञहरूले तथ्यपरक ढङ्गले व्यावहारिक सुझाव दिनुहोस्", यादवले भने, "प्रदेश सरकारले ती सुझाव कार्यान्वयन गर्ने छ ।" यस कार्यमा सङ्घीय सरकार, सङ्घीय सरकारका यी क्षेत्र हेर्ने निकाय र सम्बन्धित स्थानीयतह एवं प्रदेश सरकारबीच सहकार्य र समन्वय अपरिहार्य रहेको उको भनाइ छ । यसको मुख्य संयोजनको भूमिका सङ्घीय सरकारले लिनुपर्ने यादवले बताए ।

कार्यक्रममा चुरे र तराई अन्तरसम्बन्धः नीतिगत बहस र छलफल विषयक कार्यपत्र चुरेविज्ञ डा विजयकुमार सिंहले प्रस्तुत गरे । कार्यपत्रमा चुरेको सम्वेदनशील खुकुलो प्रकृतिबारे स्पष्ट पार्दै डा सिंहले चुरे संरक्षणमा प्रकृतिजन्य, मानवजन्य र नीतिगत चुनौती रहेका उल्लेख गरे ।

त्यसैगरी डा विनोद भट्टले 'चुरे संरक्षणः नीति, व्यवहार र कार्यान्वयन'बारे अर्को कार्यपत्र प्रस्तुत गरे । कार्यशालाले चुरे संरक्षण र उपयोग नीतिबारे प्रदेश सरकारलाई सुझाव दिने मधेसको विशिष्टीकृत अनुसन्धान केन्द्रका विज्ञ सदस्य डा विद्यासागर वर्माको भनाइ छ ।

# नेकपा र लिम्बुवान क्रान्तिकारी पार्टीबीच एकता

काठमाडौं, २९ पुस (रासस) ।
नेपाली कम्युनिष्ट पार्टी र लिम्बुवान क्रान्तिकारी पार्टीबीच एकता भएको छ ।

सोमबार दुई पार्टीबीच दुई बुँदे सहमति गर्दै पार्टी एकता भएको हो । लिम्बुवान क्रान्तिकारी पार्टीले उठाउँदै आएको मुद्दालाई नेकपाको आन्तरिक जनवादमा छलफल र बहसमार्फत टुङ्गो लगाउने सहमति भएको छ ।

सहमतिपत्रमा भानिएको छ, "नेपाली कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद वैज्ञानिक समाजवादलाई स्वीकार गर्दै लिम्बुवानको पहिचानको मुद्दालाई उठाइरहेको पार्टी लिम्बुवान क्रान्तिकारी पार्टीबीचमा दुई बुँदाहरूमा एकता गर्ने सहमति गरियो ।"

यसैगरी लिम्बुवान पार्टीका सबै तहका समितिलाई सम्मानका साथ उपयुक्त ढङ्गले समायोजन गर्ने पनि सहमति भएको छ ।

# जनता समाजवादी पार्टी र लिम्बुवान क्रान्तिकारी पार्टी नेकपामा समाहित

काठमाडौं, २९ पुस (रासस) ।
जनता समाजवादी पार्टी र लिम्बुवान क्रान्तिकारी पार्टी नेपाली कम्युनिष्ट पार्टीमा समाहित भएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार आयोजित कार्यक्रममा शिवलाल थापा मगर संयोजकत्वको जनता समाजवादी पार्टी र मनिष लिम्बूको अध्यक्षतामा रहेको लिम्बूवान क्रान्तिकारी पार्टी नेकपामा समाहित भएको घोषणा गरिएको हो ।

नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सहसंयोजक माधवकुमार नेपाल र लिम्बुवान क्रान्तिकारी पार्टीका अध्यक्ष लिम्बू र जनता समाजवादी पार्टीका उपाध्यक्ष मगरले एकतासम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो ।

एकता घोषणा कार्यक्रममा संजोजक दाहालले नेकपा मुलुकको पहिलो शक्ति बन्ने अभियानका साथ अघि बढिरहेको बताउनुभयो । वामपन्थी शक्तिको एकताबाट मात्रै समाजवादको यात्रा अघि बढाउन सकिने उहाँको भनाइ थियो ।

सहसंयोजक नेपालले विगतका कमिकमजोरीलाई स्वीकार्दै जनआकाङ्क्षालाई सर्वोपरि राखेर अघि बढ्ने सङ्कल्प राखेकाले देशव्यापीरूपमा नेकपाको लहर चलेको बताउनुभयो । "यो पार्टीको इमान्दारिता, निष्ठा र समर्पणलाई विश्वास गरेर धेरैभन्दा धेरै जनसमुदाय नेकपाप्रति आकर्षित भइरहनुभएको छ", उहाँले भन्नुभयो ।

# नेपालका लागि डिजिटल रुपान्तरण अनिवार्य : सञ्चारमन्त्री खरेल

काठमाडौं, २९ पुस (रासस) ।
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मुलुकमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका साथै समुन्नत नेपाल निर्माणका लागि डिजिटल रुपान्तरण अनिवार्य भएको बताउनुभएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको राष्ट्रिय एआई केन्द्र तथा एसियाली विकास बैंक (एडिबी)को संयुक्त आयोजनामा सोमबार आयोजित नेपाल एआई संवाद शृङ्खलाको उद्घाटन गर्दै मन्त्री खरेलले नेपालले 'डिजिटल हाइवे' निर्माणलाई अगाडि बढाइरहेको सन्दर्भमा एआईसम्बन्धी बहस एआई नीति कार्यान्वयनका लागि उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "आजको राष्ट्रिय एआई नीति संवाद केवल नीति निर्माणको विषय मात्र होइन, यो सम्भावनाको प्रतीक हो, जहाँ प्रविधि, शासन प्रणाली र नयाँ पुस्ताका आकांक्षाहरू एकापसमा भेटिन्छन् ।" उहाँले भ्रष्टाचार र सुशासनका लागि उठेको जेनजी आन्दोलन केवल विरोध प्रदर्शन मात्र नभई मूल्य र मान्यताहरूको स्पष्ट घोषणा भएको उल्लेख गर्नुभयो ।

सञ्चारमन्त्री खरेलले नेपालको एआई नीति जारी भएसँगै राष्ट्रिय एआई केन्द्र स्थापना गरेर डिजिटल रुपान्तरणको आधार तयार गरिसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो त केवल सुरुआत मात्र हो, वास्तविक परीक्षा भनेको कार्यान्वयन हो । यसको उद्देश्य रोजगारी, नवप्रवर्द्धन र प्रत्येक नागरिकको जीवनमा असर पार्ने सेवामा रुपान्तरण गर्नु हो ।"

मन्त्री खरेलले एआई कुनै ढाँचाको अवधारणा नभई यसले विश्वभर अर्थतन्त्र, स्वास्थ्य, शिक्षा, कृषि र शासन प्रणालीलाई पुनः आकार दिइरहेको बताउनुभयो । उहाँले नेपालका लागि एआई भूगोल, कमजोर पूर्वाधार र सीमित स्रोतका अवरोधहरूलाई छलाङ मारेर पार गर्ने अवसर भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले राष्ट्रिय एआई नीतिको कार्यान्वयन गरेर मुलुकलाई डिजिटल रुपान्तरणको दिशामा अगाडि बढाउन छलफल सान्दर्भिक भएको उल्लेख गर्नुभयो ।

# पठन संस्कृतिका लागि प्याब्सन र अक्सफोर्ड युनिभर्सिटी, इन्डियाबीच सम्झौता

काठमाडौं, २९ पुस (रासस) ।
निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) र अक्सफोर्ड युनिभर्सिटी प्रेस, इन्डियाबीच नेपालमा पठन संस्कार र गुणस्तरीय प्रवर्द्धनका लागि समझदारी भएको छ ।

काठमाडौंमा मंगलबार आयोजित कार्यक्रममा प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारी र अक्सफोर्ड युनिभर्सिटी प्रेस, इन्डियाका प्रबन्ध निर्देशक सुकान्त दासबीच सम्झौतापत्रमा हस्ताक्षर आदानप्रदान भएको हो । सम्झौताअनुसार विश्वसनीय र लोकप्रिय कार्यक्रमको अङ्गका रूपमा ७० वटा पुस्तकको 'प्याक' नेपाली विद्यालयलाई सहुलियतमा उपलब्ध हुनेछ । साथै ती विद्यालयका शिक्षकका लागि अनलाइन तालिम कार्यक्रम पनि सञ्चालन हुनेछ । अक्सफोर्डले प्याब्सनको केन्द्रीय कार्यालयमा स्रोत तथा सिकाइ केन्द्र स्थापनमा सहयोग गर्नेछ ।

पठन संस्कृति बढाउन र विश्वस्तरको गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि सोच्ने क्षमता, सिर्जनशीलता, शैक्षिक विकास तथा आजीवन सिकाइका लागि सम्झौता भएकाले यसबाट पाँच हजारभन्दा बढी निजी विद्यालय र त्यहाँका विद्यार्थीहरू लाभान्वित हुने अध्यक्ष अधिकारीले बताउनुभयो । प्याब्सनका निवर्तमान अध्यक्ष डिके ढुङ्गानाले लामो समयको प्रयास र संवादपछि यस प्रकारको सहमति भएको बताउनुभयो । अक्सफोर्डका प्रबन्ध निर्देशक दासले नेपालको शिक्षा क्षेत्रमा उल्लेखनीय सहभागिता र महत्त्वपूर्ण उपलब्धिहरू हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो ।

हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय



ॐ



यही मिति २०८२ माघ १ गते माघे मकर संक्रान्तिको पावन अवसरमा राजविराज नगरपालिका वडा नं.-७ स्थित प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा भण्डारा''को आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लाबासी, साधुसन्त महन्थ एवं भक्तजनहरु लाई यस सुखद घडीमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरि गराई दिनु हुन सादर आमन्त्रण गरिन्छ ।

स्थानः
प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गण
राजविराज नगरपालिका -७

समय : २०८२/१०/०१ गते बिहीबार ११ बजे देखि ७:०० बजे सम्म

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np